आज मिति २०८०।०७।१९ गतेका दिन थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकाया ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका बैठक बसी तपसिलको उपस्थितिमा निम्नानुसारका निर्णय गरियो ।

## तपसिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २. | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३. | रविन्द्र जोशी | सदस्य | |
| ४. | रविन्द्र खाती | सदस्य | |
| ५. | प्रकाश भण्डारी | सदस्य | |
| ६. | रामचन्द्र जोशी | सदस्य | |
| ७. | नर बहादुर खाती | सदस्य | |
| ८. | अनिल कुमार बिष्ट | सदस्य | |
| ९. | किस्ने सार्की | सदस्य | |
| १०. | टिकाराज जोशी | सदस्य | |
| ११. | लोकेन्द्र बहादुर बिष्ट | सदस्य | |
| १२. | रम्भा देवी कामी | सदस्य | |
| १३. | हेमन्ती देवी सिंह | सदस्य | |
| १४. | सुनिता देवी गिरी | सदस्य | |
| १५. | कमला कुमारी उपाध्याय जोशी | सदस्य | |
| १६. | बिर्ख बहादुर मिजार कामी | सदस्य | |
| १७. | ज्ञानु दमाई | सदस्य | |
| १८. | सिद्धराज पण्डित | सचिव | |

## अन्य उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## मिति २०८०।०७।१९ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं.१**

मिति २०८०।०६।१६ गते चैनपुर केन्द्रविन्दु बनाई गएको भुकम्प र तत्पश्चात विभिन्न समयमा गएका भुकम्पका पराकम्पहरुबाट थलारा गाउँपालिकामा थुप्रो सार्वजनिक तथा निजी भवन/आवासहरु पुर्ण तथा आंशिक रुपमा क्षतिभई राहत तथा पुनःस्थापनाको आवश्यकता रहेको अवस्थालाई दृष्टिगत गरी गाउँपालिका तथा विभिन्न संघसस्थाहरुबाट प्राप्त राहतलाई सम्बन्धित विपद प्रभावितहरुलाई वितरण गर्दा विभिन्न ढुवानीका साधनहरुमा खर्च भएको रकम पालिकाको विपद व्यवस्थापन शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२**

२०८०।०७।१७ गते जाजरकोट केन्द्रविन्दु वनाई गएको भुकम्पमा परी ज्यान गुमाउनु हुने प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

**निर्णय नं.३.**

मिति २०८०।०६।१६ गते चैनपुर केन्द्रविन्दु बनाई गएको भुकम्प र तत्पश्चात विभिन्न समयमा गएका भुकम्पका पराकम्पहरुबाट गाउँपालिकामा भएको क्षतिको अवस्थालाई मध्यनजर गर्दै राहत सामाग्री वितरण तथा अन्य सहयोग गर्नुहुने सम्पुर्ण संघसंस्था तथा सहयोगी सम्पुर्णलाई हार्दिक धन्यवाद दिदै भविश्यमा पनि थप सहयोगको अपेक्षा गर्दै प्रभावितहरुको दिर्घकालिन व्यवस्थापनमा सहयोगको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

विभिन्न मेलाहरुको अवसरपारी आयोजना गरिएका निम्न उल्लेखित भलिबल प्रतियोगितामा गाउँपालिकाको प्रतिनिधित्व गर्दै सहभागी भलिबल टिमलाई टिमको आर्थिक व्यवस्थापनको लागि गाउँपालिकाको युवा तथा खेलकुद शिर्षकमा विनियोजित रकमबाट खर्च हुने गरी निम्नानुसारको रकम दिने निर्णय गरियो ।

**निम्न**

१. विश्रती मेलाको अवसर पारी आयोजना गरिएको भलिबल प्रतियोगितामा सहभागी टिमलाई रु,१,००,०००।-(अक्षरुपी एकलाख)

२.सुर्मदिवी मेला(देविस्थान) मेलाको अवसर पारी आयोजना गरिएको भलिबल प्रतियोगितामा सहभागी टिमलाई रु. २,००,०००।-(अक्षरुपी दुईलाख मात्र) साथै प्रतियोगितामा सहभागी सम्पुर्ण खेलाडी र टिम व्यवस्थापक लाई प्रोत्साह स्वरुप जनही रु, ५०००।- दिने निर्णय गरियो ।

**निर्णय नं.५**

दशै तिहारको अवसर पारी वडा नं.८ द्वारा सायर मेला अन्तर्गत देउडा तथा भलिबल प्रतियोगिता आयोजना भई मेला व्यवस्थापनको लागि रकम अभाव भई थप बजेट व्यवस्थापन गरिदिन सम्बन्धित वडाबाट पालिकालाई आग्रह भई आएकोले गाउँपालिकाको कला साहित्य शिर्षकमा विनियोजित रकमबाट खर्च हुने गरी रु ५०,०००।-(अक्षरुपी पचास हजार) छुट्याउने निर्णय गरियो ।

थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

CamScanner